**कु-शासन** अपारदर्शी नीतिनियमहरू तथा नीति निर्माण प्रक्रियामा जनसहभागीताको कमी, प्रक्रिया र प्राथमिकतामा सानो समूहले मात्रै विचार राख्ने अवसर पाएको, शक्ति केन्द्रले मात्रै निर्णय गर्ने गरेको र जनतालाई गुमराहमा राख्ने र षडयन्त्रको सहाराले मात्रै शासन टिकाउन खोज्ने पद्धतिलाई निकृष्ट अर्थात् खराब शासनका रूपमा व्याख्या गरिएको छ । यसमा नागरिकहरुलाई सक्रिय नागरिकका रुपमा भन्दा उपभोगवादीको रुपमा आत्मसात् गर्ने गरिएको पाइन्छ ।

**सामन्य स्तरको शासन** जनताको विपक्षमा पनि जान नसक्ने, सामान्यतया जनताका आवाजहरू पनि सुन्ने, जनहितका कुरा पनि गर्ने, सरकार के गर्दछ भन्ने सूचना पनि आफ्नो संयन्त्रमार्फत् जाहेर पनि गर्ने तर जनताको पक्षमा निर्णय गर्न भने नसक्ने शासनलाई सामन्यस्तरको शासनको रूपमा व्याख्या गर्न सकिन्छ। यस्तो शासनका सञ्चालकहरूले मन हुँदाहुँदै पनि जनताको पक्षमा लाग्न धेरै अवरोधहरु छन् भन्ने मान्यता अगाडि सारिरहेका हुन्छन्। यस्तो शासनको मुख्य चरित्र जनताको पक्षमा निर्णय पनि गर्न नसक्ने र जनताको विपक्षमा पनि जान नसक्ने रहन्छ ।

**सुशासन** मूलरूपमा पारदर्शी निर्णय प्रक्रियामा व्यापक जनताको सहभागीता र जनताप्रति उत्तरदायी भएर विधी अनुसार गरिएको शासन पद्धतिलाई असलशासन वा सुशासन भन्ने गरिएको छ। पारदर्शीता भन्नाले आय-व्ययको विवरण जनता समक्ष औपचारीक क्रममा सार्वजनिक गर्नु मात्रैको रूपमा हेरिनु हुँदैन । खासगरी पारदर्शीताको मुख्य लक्ष्य के हो ? कसले के काम गर्ने हो ? कसरी गर्ने हो ? भन्ने विषयमा अधिकांश जनताले आफ्ना विचारहरु राख्न र निर्णय गर्न पाउने अवस्था हुनुपर्दछ। सुशासनका विशेषताहरु मुख्य गरी निम्न मानिन्छन् । अधिकारको विकेन्द्रीकरण, काम, कर्तव्य, अधिकार र भूमिकाको स्पष्टता, सहभागीमूलक निर्णय प्रकृया, स्रोत माथिको पहुँचमा जात, वर्ग, लिङ्गको समान प्रतिनिधित्व, सामाजिक न्याय, जिम्मेवारीपनको बोध, राज्य, निजी क्षेत्र र नागरीक समाज बीच शक्ति सन्तुलन, पारदर्शीता, लैङ्गिक विभेदको अन्त्य, गरिब र निसहायमुखी व्यवस्था, मौलिकहकको निश्चितता, मजवुत सुरक्षा आदि ।


**प्रस्तुतिपछि सहजकर्ताले राख्नुपर्ने प्रश्न**

2. सुशासनका लागि क-कसको के-के जिम्मेवारी छ ? निर्वाहकर्ताहरू को-को हुन् ?

माथिको प्रश्नमाथि सामान्य छलफल भएपछि सहजकर्ताले तल उल्लेख गरिएका कुराहरु प्रस्तुत गर्दा राम्रो हुन्छ ।

सबैभन्दा पहिला सुशासनका सरोकारवालाहरू को हुन् भनेर पहिचान गर्न आवश्यक हुन्छ। मुख्यरूपमा निम्न तीन पक्षलाई सरोकारवालाको रूपमा हेरिएको छ ।

1. राज्य
2. बजार/निजीक्षेत्र
3. नागरिक समाज




माथिका तीन सरोकारवालाहरूमध्ये राज्यभित्र धेरै अङ्गहरू पर्दछन् ।